## सङ्घीय संसद

## राष्ट्रिय सभा

# विधायन व्यवस्थापन समिति

## प्रतिनिधि सभामा उत्पन्न बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५ सम्बन्धमा

## समितिको प्रतिवेदन

१. प्रतिनिधि सभाद्वारा कृषि तथा सहकारी समितिको प्रतिवेदन सहित पारित बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५ (यसपछि "विधेयक" भनिएको) को दफा १ को उपदफा (१) मा कायम भएको "२०७६" भन्ने अङ्कहरुको सट्टा "२०७७" भन्ने अङ्कहरु राख्ने ।

२. विधेयकको दफा ३ को उपदफा (३) अन्तर्गत बिरूवा संरक्षण ऐन, २०६४ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (त) को सट्टा प्रस्तावित खण्ड (त) मा रहेका "तथा पशुपन्छी विकास" भन्ने शब्दहरुको सट्टा "सम्बन्धी विषय हेर्ने" भन्ने शब्दहरु राख्ने ।

३. विधेयकको दफा ६ अन्तर्गत मूल ऐनको दफा ५ को सट्टा प्रस्तावित दफा ५ को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राख्नेः-

"(छ) प्लाण्ट क्वारेण्टाइन सम्बन्धी तोकिए बमोजिम अन्य कार्य गर्ने ।"

४. विधेयकको दफा ९ अन्तर्गत मूल ऐनको दफा १४ को सट्टा प्रस्तावित दफा १४ को सट्टा देहायको दफा १४ राख्नेः-

"१४. निरीक्षक तोक्न सक्नेः (१) मन्त्रालयले मान्यताप्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी नेपाल कृषि सेवाको बाली संरक्षण समूहमा कार्यरत अधिकृत वा सोही सेवा समूहको प्राविधिक सहायक पदमा रही क्वारेण्टाइन सम्बन्धी कामको कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको कर्मचारीलाई निरीक्षकको रूपमा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षक तोक्नको लागि आवश्यक संख्यामा कर्मचारी उपलब्ध हुन नसकेको अवस्थामा मन्त्रालयले प्रदेश सरकारको परामर्शमा मान्यताप्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको प्रदेश सेवाको कर्मचारीलाई समेत निरीक्षकको रूपमा तोक्न सक्नेछ ।"

५. विधेयकको साविक दफा १४ प्रतिनिधि सभाद्वारा भएको संशोधन अनुसार कायम भएको दफा १३ अन्तर्गत मूल ऐनमा थप्न प्रस्तावित दफा ३५क. को दफाशीर्षकमा रहेका "निर्देशिका तथा" भन्ने शब्दहरु र दफाशीर्षकपछिको व्यहोरामा उल्लिखित "निर्देशिका वा" भन्ने शब्दहरु झिक्ने ।

(मनोजकुमार गिरी)
सचिव

(परशु राम मेघी गुरुङ)
सभापति

मिति : १९ जेठ २०७७

संघीय संसद

**राष्ट्रिय सभा**

# विधायन व्यवस्थापन समिति

मिति : २०७७/०२/१९
बैठक संख्या : २६४
समय : दिनको २:३० बजे

**छलफल तथा निर्णयः**

आज बसेको समितिको बैठकमा बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५ माथि दफावार छलफल भयो । उक्त छलफलमा कृषि तथा पशुपन्छी विकास मन्त्री, समितिका एवं संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरु, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवका साथै सम्बद्ध कर्मचारीहरु, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सम्बद्ध कर्मचारी लगायतको उपस्थिति रहेको थियो ।

**निर्णयः**

१. बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५ सम्बन्धी प्रतिवेदन संलग्न बमोजिम पारित ।

२. पारित उक्त प्रतिवेदन सभाको आगामी बैठकमा पेश गर्ने ।

(मनोजकुमार गिरी)
सचिव

(परशुराम मेघी गुरुङ)
सभापति

मिति :- २०७७/०२/१९